# अन्तःशुल्क नियमावली, २०५९

पहिलो संशोधन, २०५९

दोश्रो सशोधन, २०६०

तेस्रो संसोधन, २०६१

अन्तःशुल्क ऐन, २०५८ को दफा २५ ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले देहायका नियमहरु बनाएको छ।

## परिच्छेद-१

## प्रारम्भिक

अन्तःशुल्क ऐन, २०५८ को दफा २५ ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले देहायका नियमहरु वनाएको छ ।

१. संक्षिप्त नाम र प्रारम्भ : (१) यी नियमहरुको नाम "अन्तःशुल्क नियमावली, २०५९" रहेकोछ।

(२) यो नियमावली तुरुन्त प्रारम्भ हुनेछ।

२. परिभाषा: विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस नियमावलीमा,-

(क) "ऐन" भन्नाले अन्तशुल्क ऐन,२०५८ सम्झनु पर्छ।

(ख) "इजाजतपत्रवाला" भन्नाले अन्तःशुल्क लाग्ने वस्तु उत्पादन, पैठारी, बिक्री वा सञ्चय गर्न वा अन्तःशुल्क लाग्ने सेवा प्रदानका लागि नियम ४ बमोजिम इजाजतपत्र प्राप्त गरेको व्यक्ति, फर्म, कम्पनी वा संस्था सम्झनु पर्छ।

(ग) "गोदाम" भन्नाले अन्तःशुल्क लाग्ने वस्तु अन्तःशुल्क नतिरी संचय गरेको स्थान सम्झनु पर्छ।

(घ) "कार्यालय" भन्नाले विभाग अन्तर्गत स्थापना भएको कार्यालय सम्झनु पर्छ र सो शब्दले अन्तःशुल्क असुल उपर गर्ने प्रयोजनको लागि श्री ५ को सरकारले तोकेको कार्यालय समेतलाई जनाउँछ।

## परिच्छेद-२

## इजाजतपत्र सम्बन्धी व्यवस्था

#३. इजाजतपत्रको लागि निवेदन दिनु पर्ने : कुनै व्यक्ति, फर्म कम्पनी वा संस्थाले अनुसूची-२ मा उल्लेख भएका अन्तःशुल्क लाग्ने वस्तु उत्पादन, पैठारी, विक्री वा संचय गर्न वा अन्तःशुल्क लाग्ने सेवा कसैलाई प्रदान गर्न चाहेमा सोही अनुसूचीमा तोकिएको इजाजतपत्र दस्तुर समेत संलग्न गरी अन्तःशुल्क अधिकृत समक्ष अनुसूची-१ बमोजिमको ढांचामा निवेदन दिनु पर्नेछ।

४. इजाजतपत्र दिनु पर्ने: नियम ३ बमोजिम कुनै व्यक्ति, फर्म, कम्पनी वा संस्थाको निवेदन पर्न आएमा विभागले तोकेको अन्तःशुल्क अधिकृतले निवेदनमा उल्लिखित व्यहोरा जाँचबुझ गरी अनुसूची-३ बमोजिमको ढाँचामा शर्त तथा बन्देजहरु समेत तोकी त्यस्तो व्यक्ति, फर्म, कम्पनी वा संस्थालाई

अन्तःशुल्क लाग्ने वस्तु उत्पादन, पैठारी, बिक्री वा संचय गर्न वा अन्तःशुल्क लाग्ने सेवा प्रदान गर्न इजाजतपत्र दिन सक्नेछ ।

५. <u>इजाजतपत्रको अवधि तथा नवीकरणः</u> (१) नियम ४ बमोजिम दिइएको इजाजतपत्र एक आर्थिक वर्षसम्मको लागि कायम रहनेछ ।

(२) इजाजतपत्रवालाले उपनियम (१) बमोजिमको इजाजतपत्रको अवधि समाप्त भएको मितिले एक महिनाभित्र अनुसूची-२ मा तोकिए बमोजिमको नवीकरण दस्तुर विभागले तोकेको अन्तःशुल्क अधिकृत समक्ष बुझाई एक आर्थिक वर्षको लागि इजाजतपत्र नवीकरण गराउनु पर्नेछ ।

* (३) उपनियम (२) बमोजिमको अवधिभित्र इजाजतपत्र नवीकरण नगराउने इजाजतपत्रवालाले सो अवधि समाप्त भएको मितिले छ महीनाभित्र अनुसूची-२ मा तोके बमोजिम नवीकरण वापत लाग्ने दस्तुरमा पचास प्रतिशतले थप दस्तुर र बक्यौता अन्तःशुल्क रकम समेत बुझाई एक आर्थिक वर्षको लागि इजाजतपत्र नवीकरण गराउन सक्नेछ ।

# (४) उपनियम (३) मा तोकिएको अवधि समाप्त भएपछि नवीकरण गराउन चाहेमा अनुसूची-२ मा तोकिए बमोजिमको नवीकरण वापत लाग्ने दस्तुरमा प्रत्येक आर्थिक वर्षको लागि सतप्रतिशत थप दस्तुर र वक्यौता अन्तःशुल्क रकम समेत बुझाई इजाजतपत्र नवीकरण गराउन सकिनेछ ।

---

# दोश्रो संशोधनद्वारा संशोधन ।

* पहिलो संशोधनद्वारा संशोधन ।

## परिच्छेद-३

## अन्तःशुल्क असुली सम्बन्धी व्यवस्था

६. उत्पादनको अवस्थामा अन्तःशुल्क लगाउने प्रक्रियाः (१) उत्पादनको अवस्थामा नै अन्तःशुल्क लगाउनु पर्ने गरी विभागले तोकेका वस्तुहरुको हकमा उपनियम (२) बमोजिमको प्रकृया पुरा गरी अन्तःशुल्क लगाई असुल उपर गरिनेछ ।

(२) उत्पादनको अवस्थामा नै अन्तःशुल्क लगाई असुल उपर गर्नु पर्ने वस्तुको हकमा उत्पादकले आर्थिक वर्ष भरीमा उत्पादन गर्ने वस्तु र सो बापत बुझाउनु पर्ने अन्तःशुल्क रकमको अन्तःशुल्क अधिकृतले हिसाब गरी त्यस्तो रकम उत्पादकबाट अग्रिम रुपमा धरौटीको रुपमा राख्न लगाउन सक्नेछ । त्यसरी धरौटीको रुपमा राखिएको रकम अन्तःशुल्क बापत बुझाउनु पर्ने रकम भन्दा कम्ती भएमा अन्तःशुल्क अधिकृतले नपुग रकम जति उत्पादकबाट राख्न लगाउन सक्नेछ र बढी भए जति रकम उत्पादकलाई फिर्ता गर्नु पर्नेछ ।

७. बाँकी अन्तःशुल्क रकम असुल उपर गर्न सकिनेः अन्तःशुल्क लाग्ने वस्तु वा सेवा बापत कसैले ऐन तथा यस नियमावली बमोजिम अन्तःशुल्क रकम भन्दा घटी रकम बुझाएको देखिएमा अन्तःशुल्क अधिकृतले निजबाट बाँकी अन्तःशुल्क रकम असुल उपर गरी लिन सक्नेछ ।

८. इजाजतपत्र रद्द भएमा मौज्दात रहेको वस्तु बिक्री गर्नेः ऐन तथा यस नियमावली बमोजिम इजाजतपत्र रद्द हुँदाका अवस्थामा गोदाममा मौज्दात रहेका वस्तुका हकमा वक्यौता अन्तःशुल्क बुझाई विभागको स्वीकृति लिई बिक्री गर्न सकिनेछ । विभागलाई बुझाउनु पर्ने वक्यौता अन्तःशुल्क नबुझाएमा विभागले त्यस्तो वस्तु लिलाम बिक्री गरी प्राप्त भएको रकमबाट वक्यौता अन्तःशुल्क लिई बाँकी रहन गएको रकम सम्बन्धित व्यक्तिलाई फिर्ता गर्नु पर्नेछ ।

## परिच्छेद-४

## सम्पत्ति रोक्का, लिलाम बिक्री र जफत सम्बन्धी व्यवस्था

९. सम्पत्ति रोक्का गर्न सकिनेः (१) कुनै व्यक्तिले उत्पादन स्थलबाट अन्तःशुल्क लाग्ने वस्तु अन्तःशुल्क छली निकासी गरी वा विदेशबाट पैठारी गरी लिई जान लागेको अन्तःशुल्क अधिकृत वा निजले खटाएको कर्मचारीले फेला पारेमा त्यस्तो वस्तु लान नपाउने गरी अन्तःशुल्क अधिकृतले रोक्का राख्न सक्नेछ ।

(२) कुनै व्यक्तिले ऐन र यस नियमावली बमोजिम बुझाउनु पर्ने अन्तःशुल्क म्यादभित्र नबुझाएमा अन्तःशुल्क अधिकृतले त्यस्तो व्यक्तिको सम्पत्ति रोक्का राख्न सक्नेछ ।

(३) उपनियम (१) र (२) बमोजिम अन्तःशुल्क अधिकृतले रोक्का राखेको वस्तु वा सम्पत्ति बिक्री वितरण वा कुनै पनि किसिमले हक हस्तान्तरण गर्न नपाउने गरी रोक्का राख्नको लागि त्यस्तो वस्तु वा सम्पत्ति रोक्का गर्न त्यस्तो वस्तु वा सम्पत्ति रोक्का राख्न सम्बन्धित कार्यालयमा लेखी पठाउनु पर्नेछ । यसरी रोक्का राख्नको लागि लेखी आएकोमा त्यस्तो वस्तु वा सम्पत्ति रोक्का राखिदिनु सम्बन्धित कार्यालयको कर्तव्य हुनेछ ।

१०. लिलाम बिक्री सम्बन्धी व्यवस्थाः (१) ऐनको दफा १७ बमोजिम रोक्का रहेको वस्तु वा सम्पत्ति तत्काल सड्ने, बिग्रने, नष्ट हुने वा त्यसको मूल्य घट्ने देखिएमा अन्तःशुल्क अधिकृतले त्यस्तो वस्तु वा सम्पत्ति तुरुन्त लिलाम बिक्री गर्नु पर्ने देखिएमा त्यस्तो वस्तु वा सम्पत्तिको अवस्था र प्रकृति हेरी बढीमा सात दिनसम्मको म्याद दिई लिलाम बिक्रीको सूचना कार्यालयको सूचना पाटीमा टाँस गरी लिलाम बिक्री गर्नु पर्नेछ ।

(२) उपनियम (१) बमोजिम लिलाम बिक्री गर्दा लिलाम बिक्री गर्ने वस्तु रहेको स्थानको स्थानीय निकायको एकजना प्रतिनिधि वा नजिकको सरकारी कार्यालयको एक जना कर्मचारी र सम्भव भएसम्म सम्बन्धित व्यक्ति वा निजको प्रतिनिधि समेतलाई रोहवरमा राख्नु पर्नेछ ।

(३) उपनियम (१) बमोजिम लिलाम बिक्री गरिने वस्तु वा सम्पत्तिको लिलाम बिक्री गर्दा त्यस्तो वस्तु वा सम्पत्तिको प्रचलित बजार मूल्यलाई आधार मानी न्यूनतम मूल्य कायम गरी बढाबढको आधारमा लिलाम बिक्री गर्नु पर्नेछ ।

११. वस्तु वा सम्पत्ति जफत गर्न सकिनेः(१) अन्तःशुल्क लाग्ने वस्तु अन्तःशुल्क नबुझाई प्रतिष्ठानको उत्पादन स्थलबाट निकासी गरी लगेको वा विदेशबाट पैठारी गरी ल्याएको प्रमाणित भएमा त्यस्तो वस्तु अन्तःशुल्क अधिकृतले आफ्नो कब्जामा लिइ जफत गर्न सक्नेछ ।

(२) इजाजतपत्र नलिई कसैले अन्तःशुल्क लाग्ने वस्तु उत्पादन, पैठारी, बिक्री वा सञ्चय गरेमा वा अन्तःशुल्क लाग्ने सेवा प्रदान गरेको पाइएमा अन्तःशुल्क अधिकृतले सो संग सम्बन्धित सम्पूर्ण वस्तु जफत गर्न सक्नेछ ।

(३) झुट्ठा लेखा वा किर्ते कागज तयार गरी अन्तःशुल्क लाग्ने वस्तु उत्पादन, पैठारी, बिक्री वा सञ्चय गरेमा वा अन्तःशुल्क लाग्ने सेवा प्रदान गरेको पाइएमा अन्तःशुल्क अधिकृतले सो संग सम्बन्धित सम्पूर्ण वस्तु जफत गर्न सक्नेछ ।

(४) तिर्नु पर्ने अन्तःशुल्क दवाए, छिपाए वा छलेमा अन्तःशुल्क अधिकृतले सो संग सबन्धित वस्तु र सो वस्तु उत्पादन गर्ने उपकरण समेत जफत गर्न सक्नेछ ।

(५) कब्जामा लिएको वस्तु अन्तःशुल्क अधिकृतले जफत गर्नु अघि सम्बन्धित व्यक्तिलाई जफत गर्नु नपर्ने कुनै कारण भए सोको प्रमाण पेश गर्नको लागि सात दिनको सूचना दिनु पर्नेछ ।

## परिच्छेद-५

## अन्तःशुल्क अधिकृत र इजाजतपत्रवालाको काम, कर्तव्य र अधिकार

१२. अन्तःशुल्क अधिकृतको काम, कर्तव्य र अधिकारः (१) अन्तःशुल्क अधिकृतको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :-

(क) गोदाममा रहेको अन्तःशुल्क लाग्ने वस्तु बिक्री वितरण वा ओसार पसार गर्न गोदाम बाहिर निकाल्दा आफ्नो उपस्थितिमा त्यस्तो वस्तु निकाल्न लगाई सोको लगत प्रतिष्ठानको उत्पादन स्थलमा राख्न लगाउने,

(ख) विभागबाट माग गरिएको अन्तःशुल्क लाग्ने वस्तुको उत्पादन वा बिक्री वितरण वा गोदाममा रहेको वस्तुको परिमाण र असुल उपर भएको अन्तःशुल्क वा विभागले मागेको अरु कुनै कुराको प्रतिवेदन विभागमा पठाउने,

(ग) अन्तःशुल्क लाग्ने वस्तुको उत्पादन वा बिक्रीको विवरण अनुसूची-४ बमोजिमको दैनिक किताबमा राख्न लगाउने,

(घ) भन्सार नाकाबाट अन्तःशुल्क लाग्ने वस्तु पैठारी भएको अवस्थामा पैठारी गर्ने इजाजतपत्रवालाको नाम, पैठारी गरिएको वस्तुको परिमाण र मूल्य स्पष्ट खुल्ने गरी दैनिक किताबमा जनाई राख्ने,

(ङ) इजाजतपत्रवालाले नियम १३ बमोजिम पुरा गर्नु पर्ने काम, कर्तव्य पुरा गरे नगरेको समय समयमा निरीक्षण गर्ने,

★"(ङ१) अन्तःशुल्क लाग्ने वस्तु उत्पादन गर्ने प्रतिष्ठानको मासिक रुपमा निरीक्षण गरी अन्तःशुल्क निर्धारण गर्ने, "

(च) अन्तःशुल्क अधिकृतले यस नियमावली बमोजिम आफ्नो कर्तव्य पालन गर्ने सन्दर्भमा विभागले तोकेको अन्य कार्यहरु गर्ने ।

(२) इजाजतपत्रवालाले स्वयम निष्काशन प्रकृया अनुसार आफै निष्काशन गरेको अन्तःशुल्क लाग्ने वस्तुको हकमा अन्तःशुल्क अधिकृतले विभागले तोके बमोजिमको प्रकृया अपनाई इजाजतपत्रवालाको खाता तथा विवरण जाँची प्रमाणित गर्नु पर्नेछ ।

---

★"(ङ१) तेस्रो संसोधन २०६१

१३. इजाजतपत्रवालाको काम तथा कर्तव्यः (१) अन्तःशुल्क लाग्ने वस्तु उत्पादन गर्ने इजाजतपत्रवालाको काम तथा कर्तव्य देहाय बमोजिम हुनेछ :-

(क) उत्पादन भएको अन्तःशुल्क लाग्ने वस्तुको सम्बन्धमा विभागले तोके बमोजिमको विवरण कार्यालयमा पठाउने ।

(ख) उत्पादन भएको र बिक्री वितरण भएको वस्तुको विवरण दैनिक किताबमा जनाई राख्ने र निरीक्षणको क्रममा अन्तःशुल्क अधिकृत वा निजले खटाएको कर्मचारीलाई सो किताब देखाउने ।

(ग) उत्पादन भएको वस्तुको नमूना अन्तःशुल्क अधिकृत वा निजले खटाएको कर्मचारीबाट प्रमाणित गराई कार्यालयमा पठाउने ।

(घ) गोदाममा राखिएको वस्तुको विवरण अन्तःशुल्क अधिकृत वा निजले खटाएको कर्मचारीबाट प्रमाणित गराई सो को निस्सा राख्ने ।

(२) अन्तःशुल्क लाग्ने वस्तुको सेवा प्रदान गर्ने इजाजतपत्रवालाको काम तथा कर्तव्य देहाय बमोजिम हुनेछ :-

(क) प्रदान गरेको सेवाको विजक र सोको हिसाब दैनिक रुपमा राख्ने,

(ख) अन्तःशुल्क अधिकृत वा निजले खटाएको कर्मचारीले मागेका बखत खण्ड (क) बमोजिमको कागजात उपलब्ध गराउने,

(ग) अन्तःशुल्क लाग्ने वस्तुको खरीद प्रमाण वा खरीद विजक साथमा राख्ने ।

(३) अन्तःशुल्क लाग्ने वस्तुको पैठारी गर्ने इजाजतपत्रवालाको काम तथा कर्तव्य देहाय बमोजिम हुनेछ :-

(क) अन्तःशुल्क लाग्ने वस्तु पैठारी गरिएको अवस्थामा अन्तःशुल्क अधिकृत वा निजले खटाएको कर्मचारी समक्ष खरिद विजक पेश गर्नु पर्ने ।

(ख) प्रतितपत्रको माध्यमबाट अन्तःशुल्क लाग्ने वस्तु पैठारी गरिएको अवस्थामा वस्तुको किटानी विवरण, भन्सार प्रयोजनको लागि वस्तु वर्गीकरण शीर्षक, प्रत्येक वस्तुको प्रति इकाई मूल्य र परिमाण अन्तःशुल्क अधिकृत समक्ष पेश गर्नु पर्ने ।

(४) इजाजतपत्रवालाले प्राप्त गरेको इजाजतपत्र आफ्नो कारोबार स्थलमा सबैले देख्ने गरी राख्नु पर्नेछ ।

★"(५) यस नियम बमोजिम पेश गर्नु पर्ने विवरण र फाँटवारी प्रत्येक महिनको सात गते भित्र अन्तःशुल्क अधिकृत समक्ष पेश गर्नु पर्नेछ । "

---

★"(५) तेस्रो संसोधन २०६१

## परिच्छेद-६

## चुरोट र बिडीका सम्बन्धमा विशेष व्यवस्था

१४. चुरोटको उत्पादन तथा बिक्री वितरणः चुरोट उत्पादन गर्ने इजाजतपत्रवालाले देहाय बमोजिमको कार्य गर्नु पर्नेछ :-

(क) कच्चा र कोरा सूर्तीको हिसाब राख्नु पर्नेः चुरोट बनाउनको निमित्त प्रतिष्ठानमा झिकाइएको सबै प्रकारको स्वदेशी र विदेशी सूर्तीको हिसाब तथा विवरण अनुसूची-५ बमोजिमको ढाँचामा राखी प्रतिष्ठानमा खटिएका अन्तःशुल्क अधिकृत वा निजले खटाएको कर्मचारीबाट प्रमाणित गराई राख्नु पर्ने ।

(ख) सुर्ती खपतको हिसाब राख्नेः चुरोट बनाउनलाई प्रयोग गरिएको सुर्तीको हिसाब अनुसूची-६ बमोजिमको ढाँचामा राखी प्रतिष्ठानमा खटिएका अन्तःशुल्क अधिकृत वा निजले खटाएको कर्मचारीबाट प्रत्येक दिन जँचाई प्रमाणित गराई राख्नु पर्ने ।

(ग) चुरोटमा सुर्तीको अनुपात खुलाउनेः विभिन्न प्रकारको चुरोट बनाउन प्रयोग गरिने स्वदेशी र विदेशी सुर्तीको अनुपात खुलाई विभागबाट स्वीकृती लिई राख्नु पर्ने ।

(घ) तयारी चुरोट बट्टा बन्दी गर्नेः बिक्रीयोग्य तयारी चुरोटलाई राम्रोसंग जाँचबुझ गरी बट्टामा हाली बन्द गर्ने तथा गोदामबाट बिक्रीको लागि निकालिएको चुरोट कार्यालयको स्वीकृति बेगर कारखानामा पुनः ल्याउन नहुने ।

(ङ) चुरोटका बट्टाहरु प्याकिङ्ग गर्नेः तयारी चुरोटका बट्टाहरुलाई ठूलो कागजमा बन्द गरी दैनिक बन्द गरिएको चुरोटको बट्टा संख्या, सिलसिलेवार नम्बर र बन्द गरिएको मिति समेत स्पष्ट देखिने गरी अनुसूची-७ बमोजिमको ढाँचामा उल्लेख गर्ने तथा गोदाममा राखिएको चुरोटको हिसाब अनुसूची-८ बमोजिमको ढाँचामा राख्नु पर्ने ।

(च) गोदामबाट चुरोट निकाल्ने तरिकाः चुरोट बिक्री गर्नको निमित्त गोदामबाट बाहिर निकाल्नलाई अनुसूची-९ बमोजिमको ढाँचामा फाराम भरी अन्तःशुल्क अधिकृत वा निजले खटाएको कर्मचारी समक्ष पेश गर्ने तथा निजहरुबाट जाँची निकासी गर्ने इजाजत प्राप्त भएपछि सोको विवरण भरी राख्ने ।

१५. बिडीको उत्पादन तथा बिक्री वितरणः बिडी उत्पादन गर्ने इजाजतपत्रवालाले व्याण्ड रोल वापत प्रतिहजार बिडीको लागि अन्तःशुल्क बापतको रकम तिरी कार्यालयबाट खरिद गर्नु पर्नेछ । बिडी उत्पादन गर्ने इजाजतपत्रवालाले सोही व्याण्डरोल प्रयोग गरी बिडी उत्पादन तथा बिक्री गर्नु पर्नेछ । बिडी उत्पादन गर्नका लागि लागेको कच्चा सुर्तीको हिसाब राख्ने कर्तव्य बिडी उत्पादन गर्ने इजाजतपत्रवालाको हुनेछ ।

## परिच्छेद-७

## मदिरा सम्बन्धी विशेष व्यवस्था

१६. मदिरा उत्पादनः (१) मदिरा उत्पादन गर्ने इजाजतपत्रवालाले पेटेन्ट स्टिल प्लाण्टबाट उत्पादित स्प्रिटको मिश्रण (ब्लेडिङ्ग) बाट मात्र मदिरा उत्पादन गर्नु पर्नेछ ।

(२) मदिरा उत्पादन गर्ने इजाजतपत्रवालाले आफूले उत्पादन गरेको २५,३०,४० यू.पी. शक्तिको मदिरालाई विभागले तोके बमोजिम बोतलबन्दी गर्नु पर्नेछ ।

(३) मदिरा उत्पादन गर्ने इजाजतपत्रवालाले आफूले उत्पादन गरेको ६५ यू.पी. शक्तिको मदिरालाई ३००,१००० र १५०० मिलिलिटरको पेट बोतलमा मात्र बोतलबन्दी गर्नु पर्नेछ ।

१७. कच्चा पदार्थको संरक्षणः मदिरा उत्पादन गर्ने इजाजतपत्रवालाले मोलासिस, स्प्रीट लगायतका कच्चा पदार्थको उचित संरक्षणको प्रबन्ध गर्नु पर्नेछ । त्यस्ता कच्चा पदार्थको उचित संरक्षणको प्रबन्ध नगरी हानी नोक्सानी भएमा सो बापत त्यस्तो इजाजतपत्रवालाले उत्पादन गर्ने मदिरा तर्फको उच्चतम दरबन्दी अनुसार लाग्ने राजश्व सो इजाजतपत्रवालाबाट असुल उपर गरि लिनु पर्नेछ ।

१८. व्याच र सिलसिलेवार नम्बर अंकित गर्नु पर्नेः मदिराको उत्पादन प्रक्रिया समाप्त भएपछि त्यस्तो मदिरा राखिएको प्रत्येक बोतलमा व्याच नम्बर, सिलसिलेवार नम्बर, उत्पादन गर्ने इजाजतपत्रवालाको नाम, ट्रेडमार्क र शक्ति लेखिएको लेवल अंकित गरी गोदाममा पठाउनु पर्नेछ ।

१९. वास सबन्धी रेकर्ड राख्नेः (१) मदिरा उत्पादन गर्ने इजाजतपत्रवालाले वास बनाउनको लागि फरमेन्टेशन गर्दा प्रयोग गरेको कच्चा पदार्थ, पानीको मात्रा समेत उल्लेख गरी सोको विवरण स्पष्ट देखिने गरी लगत राख्नु पर्नेछ ।

(२) मदिरा उत्पादन गर्ने इजाजतपत्रवालाले डिष्टिलेशन (चुहान) को लागि तयार भएको वास डिष्टिलेशन प्लाण्टमा हाल्नु अगावै डिष्टिल गर्ने वासको परिमाण र भेट नं. को लगत राखी सोको जानकारी अन्तःशुल्क अधिकृत वा निजले खटाएको कर्मचारीलाई दिनु पर्नेछ ।

२०. इजाजत वेगर डिष्टिलरी वा ब्रुअरीभित्र प्रवेश गर्न नपाउनेः डिष्टिलरी वा ब्रुअरीभित्र मदिरा बनाउने वा मदिरा राखेको ठाउँनिर डिष्टिलरी र ब्रुअरीको कामदार बाहेक बेसरोकारवाला अन्य कुनै पनि व्यक्ति अन्तःशुल्क अधिकृत वा निजले खटाएको कर्मचारीको इजाजत बेगर प्रवेश गर्न पाउने छैन ।

२१. निरीक्षण पुस्तिका राख्नु पर्नेः मदिरा उत्पादन गर्ने इजाजतपत्रवालाले डिष्टिलरी वा ब्रुअरीमा विभागले तोके बमोजिमको एउटा निरीक्षण पुस्तिका राख्नु पर्नेछ । अन्तःशुल्क अधिकृत वा निजले खटाएको कर्मचारीले डिष्टिलरी वा ब्रुअरी निरीक्षण गर्दा निरीक्षण मिति, समय र मदिरा उत्पादन प्रक्रियामा सम्बन्धमा देखेको त्रुटि सम्बन्धी सबै कुरा सो पुस्तिकामा लेख्नु पर्नेछ ।

२२. मदिराको हिसाब राख्ने : (१) मदिरा उत्पादन गर्ने इजाजतपत्रवालाले वासबाट चुहान भएको मदिराको परिमाण र त्यसको शक्ति समेत खुलाई अनुसूची-१० र मदिरा बिक्री र सोबाट प्राप्त हुने अन्तःशुल्कको फाँटवारी अनुसूची-११ बमोजिमको ढाँचामा विवरण तयार गरी राख्नु पर्नेछ ।

(२) मदिरा उत्पादन गर्ने इजाजतपत्रवालाले मदिरा बनाउन प्रयोग गरेको अन्न र फलफुलको हिसाब राखी त्यसबाट के कति मदिरा उत्पादन भयो सो को विवरण भरी अन्तःशुल्क अधिकृत वा निजले खटाएको कर्मचारीबाट प्रमाणित गराई राख्नु पर्नेछ ।

#(३) मदिरा उत्पादन गर्ने इजाजतपत्रवालाले मदिरा उत्पादन प्रक्रियामा रहेको वास, स्प्रिट, मदिरा समेत सम्पूर्ण तरल पदार्थहरु एक प्रकृयाबाट अर्को प्रकृयाकोलागि एक वाट अर्को भाँडामा लैजांदा वा वोतलवन्दी गर्दा विभाग वा आन्तरिक राजश्व कार्यालयबाट सिलबन्दी गरिएको फ्लो मिटर सहितको स्थायी रुपमा जडित पाइपबाट मात्र गर्ने गरी विभागले तोक्न सक्नेछ ।

*२३. मौज्दात कमीको मिन्हा: (१) मदिरा उत्पादन गर्ने इजाजतपत्रवालाले आफूसंग रहेको मदिराको मौज्दातमा वाष्पिकरण, दुर्वौधिकरण, चुहावट वा वोतलमा मदिरा भर्दाको कारणबाट कमी हुन आएमा मासिक विवरणमा उल्लेख गरी मिन्हाको लागि अन्तःशुल्क अधिकृत समक्ष पेश गर्नु पर्नेछ ।

(२) उपनियम (१) बमोजिम पेश भएको विवरण अन्तःशुल्क अधिकृतले पन्ध्र दिन भित्र जांच गर्नु पर्नेछ ।

(३) उपनियम (२) बमोजिम जांच गर्दा मौज्दात कमी भएको मनासिव माफिकको कारण भएमा आधार स्पष्ट खुलाई अन्तःशुल्क अधिकृतले दुई प्रतिशतसम्म मौज्दात कमी मिन्हा दिन सक्नेछ ।

(४) उपनियम (३) बमोजिम तोकिएको सीमा भन्दा बढी मिन्हा दिनु पर्ने देखिएमा सो मिन्हाको लागि अन्तःशुल्क अधिकृतले यस्तो मौज्दात कमी हुनाको कारण समेत खोली विभागमा सिफारिश गर्नु पर्नेछ ।

(५) उपनियम (४) बमोजिम सिफारिश भईआएको प्रतिवेदनमा सम्वन्धित विषयको विशेषज्ञको प्रतिवेदन लिई मनासिव कारण भएमा विभागले मिन्हा गर्न सक्नेछ ।

# २३.क. क्राउन कर्कको मौज्दात कमीको मिन्हा: (१) वियर उत्पादन गर्ने इजाजतपत्रवालाले वियरको वोतलमा प्रयोग गर्ने क्राउन कर्क वियर भर्दा टुटफुट वा विग्रेर वोतलमा प्रयोग हुन नसक्ने अवस्था भएमा मासिक विवरणमा उल्लेख गरी मिन्हाको लागि अन्तःशुल्क अधिकृत समक्ष पेश गर्नु पर्नेछ ।

(२) उपनियम (१) बमोजिम पेश भएको विवरण अन्तःशुल्क अधिकृतले पन्ध्र दिन भित्र जांच गर्नु पर्नेछ । त्यसरी जांच गर्दा क्राउन कर्कको मौज्दातमा कमी भएको मनासिव माफिकको कारण भएमा आधार स्पष्ट खुलाई खर्च भएको क्राउन कर्कको बढीमा चार प्रतिशतसम्म मिन्हा दिन सक्नेछ ।

(३) उपनियम (२) मा उल्लेख भएको सीमाभन्दा बढी मौज्दात कमी भै मिन्हा दिनु पर्ने भएमा अन्तःशुल्क अधिकृतले त्यस्तो मौज्दात कमी हुनाको कारण समेत खोली विभागमा सिफारिश गर्नु पर्नेछ ।

(४) उपनियम (३) बमोजिम सिफारिश भईआएको प्रतिवेदनमा मनासिव कारण भएमा विभागले मौज्दात कमी मिन्हा गर्न सक्नेछ ।

---

# दोश्रो संशोधनद्वारा संशोधन ।

* दोश्रो संशोधनद्वारा थप ।

## परिच्छेद-८

## सख्खर र खुँदो (मोलासिस) सम्बन्धी विशेष व्यवस्था

२४. **सुरक्षित साथ राख्नु पर्नेः** चिनी तथा खाँडसारी मिलले आफूले उत्पादन गरेको मोलासिस सञ्चय गर्दा पानी नपस्ने गरी संरक्षणको उचित प्रबन्ध गरी सोको बिक्री कार्यालयको सिफारिशमा गर्नु पर्नेछ । त्यसरी उपयुक्त संरक्षणको व्यवस्था नगरी हानी नोक्सानी भएमा त्यस्ता मोलासिसमा लाग्ने अन्तःशुल्क मिन्हा दिइने छैन ।

२५. **उत्पादन र बिक्रीको हिसाब राख्नु पर्नेः** चिनी वा खाँडसारी मिललेसख्खर वा खुँदो (मोलासिस) उत्पादन गरेपछि दैनिक रुपमा भएको त्यस्तो उत्पादनको बिक्रीको हिसाब अनुसूची-१२ बमोजिमको ढाँचामा अद्यावधिक गरी मासिक रुपमा कार्यालयमा प्रतिवेदन पेश गर्नु पर्नेछ ।

*२५क. **स्प्रिट तथा इथानोललाई अन्य प्रयोगमा ल्याउने** :- (१) इजाजतपत्रवालाले स्प्रिटलाई अन्य प्रयोगमा ल्याउने उद्देश्यले डिनेचर्ड स्प्रिट बनाउँदा सम्बन्धित आन्तरिक राजश्व कार्यालयबाट स्वीकृति लिई रेक्टिफाइड वा हेड्स स्प्रिटमा पाइरिडिन वा कोचिसिन वा मिथायल अल्कोहल आयतनको हिसाबबाट कम्तिमा ०.०२ प्रतिशत मिश्रण गरी डिनेचर्ड स्प्रिट बनाउन पर्नेछ । यस्तो मिश्रण गर्दा आवश्यकतानुसार रंगिन गर्नुपर्ने गरी विभागले इजाजतपत्रवालालाई निर्देशन दिन सक्नेछ । आन्तरिक राजश्व कार्यालयले रेक्टिफाइड स्प्रिटबाट डिनेचर्ड स्प्रिट बनाउने स्वीकृति दिंदा रेक्टिफाइड स्प्रिटबाट आउने अन्तःशुल्क नघटनेगरी मात्र स्वीकृति दिनु पर्नेछ ।

(२) इजाजतपत्रवालाले पेट्रोलमा समिश्रण गर्ने प्रयोजनकोलागि उत्पादन गरेको एनहाइड्रस इथानोल नेपाल आयल निगम वा श्री ५ को सरकारबाट स्वीकृति प्राप्त निकायलाई मात्र विक्री गर्नु पर्नेछ । यस्तो वस्तु विक्रीको लागि प्रतिष्ठानबाट निकासी गर्दा आन्तरिक राजश्व कार्यालयबाट स्वीकृति लिनु पर्नेछ । आन्तरिक राजश्व कार्यालयले यस्तो स्वीकृति दिंदा त्यस्तो वस्तुमा कम्तिमा दुई प्रतिशत पेट्रोल मिश्रण गर्नु पर्ने गरी निकासी गर्न स्वीकृति दिनु पर्नेछ ।

---

* दोश्रो संशोधनद्वारा थप ।

## परिच्छेद-९

## विविध

२६. मौज्दात जाँच्न सक्ने: इजाजतपत्रवालाले अन्तःशुल्क लाग्ने वस्तु सम्बन्धी कच्चा पदार्थ अर्ध तयारी पदार्थ वा वस्तु तथा तयारी पदार्थ वा वस्तुको मौज्दात जाँच गर्नका लागि कार्यालयले कुनै पनि समयमा कर्मचारी खटाउन सक्नेछ । त्यस्तो कर्मचारीलाई मौज्दात जाँच गर्न दिनु इजाजतपत्रवालाको कर्तव्य हुनेछ । त्यसरी जाँच गरिएको विवरणको प्रतिवेदन कार्यालयले विभागमा पेश गर्नु पर्नेछ ।

२७. इजाजतपत्रवालाले दुर्घटनाको सूचना दिनु पर्ने: इजाजतपत्रवालाले उत्पादनस्थलमा कुनै किसिमको दुर्घटना भएमा सो कुराको सूचना यथाशिघ्र सम्बन्धित अन्तःशुल्क अधिकृत वा विभागलाई दिनु पर्नेछ । सो बमोजिमको सूचना नदिएमा त्यस्तो दुर्घटनाबाट श्री ५ को सरकारलाई हुन गएको अन्तःशुल्क सम्बन्धी हानी नोक्सानी इजाजतपत्रवालाले नै व्यहोर्नु पर्नेछ ।

२८. प्रतिष्ठान बन्द गर्दा सूचना दिनु पर्ने: (१) कुनै प्रतिष्ठान कुनै पनि कारणले बन्द गर्नु परेमा त्यस्को कारण प्रष्ट खुलाई त्यसरी बन्द गर्नुभन्दा तीन दिन अगावै सम्बन्धित अन्तःशुल्क अधिकृत र विभागलाई लिखित रुपमा जानकारी गराउनु पर्नेछ ।

(२) उपनियम (१) बमोजिमको सूचना प्राप्त भएमा विभागले आवश्यक सम्झेमा सो प्रतिष्ठान चालु राख्न सम्बन्धित व्यक्तिलाई आदेश दिन सक्नेछ ।

२९. मूल्य खुलाउनु पर्ने: इजाजतपत्रवालाले परिमाणगत दर लागेका अन्तःशुल्क लाग्ने वस्तुको उत्पादनको कारखाना मूल्य स्वीकृत गराउनु पर्ने छैन ।

तर इजाजतपत्रवालाले आफ्नो वितरक, थोक तथा खुद्रा बिक्रेतालाई बिक्री गर्ने मूल्य सार्वजनिक गर्नुको सार्थ अधिकतम खुद्रा मूल्य समेत आफूले उत्पादन गरेको वस्तुमा अंकित गर्नु पर्नेछ । आकार वा गुणस्तर परिवर्तन गर्नु परेमा वा नयाँ ब्राण्ड उत्पादन गर्नु परेमा विभागको पूर्व स्वीकृति लिनु पर्नेछ । यस्ता नयाँ ब्राण्ड उत्पादन गर्नु अघि सबै बक्यौता राजश्व चुक्ता गरेको हुनु पर्नेछ ।

३०. अन्तःशुल्क टिकर दस्तुर लाग्ने: #(१) नेपाल अधिराज्य भित्र उत्पादन हुने वा पैठारी हुने मदिरा र चुरोटको विक्री तथा पैठारी गर्दा मदिरा र चुरोटको प्याक (कार्टुन) मा अन्तःशुल्क टिकट लगाउनु पर्नेछ ।

#(२) उपनियम (१) मा जुनसुकै कुरा लेखिएको भएतापनि श्री ५ को सरकारले मदिराको प्रत्येक वोतलमा र चुरोटको प्रत्येक बट्टामा अन्तःशुल्क टिकट लगाउन पर्ने गरी तोक्न सक्नेछ ।

★"(३) उपनियम (१) र (२) बमोजिम लगाईने अन्तःशुल्क टिकट विभागले तोकेको दस्तुर तिरी आन्तरिक राजस्व कार्यालयबाट खरिद गर्नु पर्नेछ । त्यस्तो टिकट विभागले तोके बमोजिम अंकित गरी अन्तःशुल्क लाग्ने वस्तु विक्रि गर्नु पर्नेछ । "

---

# दोश्रो संशोधनद्वारा संशोधन ।

★ तेस्रो संशोधनद्वारा संशोधन

३१. <u>स्वयं निष्काशन प्रणाली सम्बन्धी व्यवस्थाः</u> (१) मदिरा र चुरोट बोहक अन्य अन्तःशुल्क लाग्ने वस्तुलाई स्वयं निष्काशन प्रणाली अन्तर्गत निकासी गर्न दिइनेछ।

(२) उपनियम (१) बमोजिम स्वयं निष्काशन गर्न चाहने इजाजतपत्रवालाले उत्पादन गरेको वस्तुको नाम र परिमाण उल्लेख गरी  कार्यालयमा निवेदन दिनु पर्नेछ।

(३) उपनियम (२) बमोजिम निवेदन पर्न आएमा कार्यालयले आवश्यक जाँचबुझ गरी स्वयं निष्काशन गर्न दिन मिल्ने देखिएमा इजाजत दिन सक्नेछ।

(४) स्वयं निष्काशन प्रणाली अन्तर्गत निकासी गरिएको वस्तुको नाम र परिमाण उल्लेख गरी इजाजतपत्रवालाले दैनिक विवरण भरी राख्नु पर्नेछ। अन्तःशुल्क अधिकृत वा निजले खटाएको कर्मचारीबाट निरीक्षण हुँदाको अवस्थामा सो विवरण उपलब्ध गराउनु पर्नेछ।

(५) स्वयं निष्काशन गरिएको वस्तुको नाम र विवरण खोली इजाजतपत्रवालाले मासिक रुपमा कार्यालयमा प्रतिवेदन पठाउनु पर्नेछ।

३२. <u>अन्तःशुल्क अधिकृत बस्ने घरः</u> कुनै प्रतिष्ठानको लागि नियुक्त भएका अन्तःशुल्क अधिकृतलाई प्रतिष्ठान परिसरभित्र बस्नको लागि फर्निचर सहितको घर वा कोठाको व्यवस्था प्रतिष्ठानले गर्नु पर्नेछ।

३३. <u>तयारी वस्तु राख्ने ठाउँः</u> (१) उत्पादन गरिएको वस्तु इजाजतपत्रवालाले त्यस्तो वस्तु उत्पादनस्थल परिसरभित्र गोदाममा राख्नु पर्नेछ। स्वयं निष्काशन प्रणाली अनुरुप निकासी हुनेमा बाहेक गोदामको एउटा टाल्चाको साँचो इजाजतपत्रवालाको प्रतिनिधि र अर्को टाल्चाको साँचो अन्तःशुल्क अधिकृत वा निजले खटाएको कर्मचारीले राख्नु पर्नेछ।

(२) उपनियम (१) बमोजिम राखिएका अन्तःशुल्क लाग्ने वस्तुहरु सुरक्षित साथ राख्ने जिम्मेवारी इजाजतपत्रवालाको हुनेछ। आगो लागि वा चोरी भई वा अरु कुनै कारणले त्यस्तो अन्तः शुल्क लाग्ने वस्तु नोक्सान भएमा उक्त नोक्सानी बापत श्री ५ को सरकार जवाफदेही हुनेछैन।

(३) अन्तःशुल्क लाग्ने उत्पादनस्थलभित्र रहेका वस्तु अन्तःशुल्क अधिकृतको पूर्ण रेखदेखमा रहनेछ। अन्तःशुल्क अधिकृत वा निजले खटाएको कर्मचारीको इजाजत वेगर कुनै पनि अन्तःशुल्क लाग्ने वस्तु सम्बन्धी कच्चा पदार्थ, अर्ध तयारी पदार्थ वा तयारी पदार्थ उत्पादनस्थल बाहिर लैजान हुँदैन। स्वयं निष्काशन प्रणाली अन्तर्गत निकासी हुने वस्तुको हकमा अन्तःशुल्क अधिकृत वा निजले खटाएको कर्मचारीले खाता तथा विवरण जाँची प्रमाणित गरे मात्र पुग्नेछ।

३४. **प्रतिलब्धी दर सम्बन्धी व्यवस्था:** रेक्टिफाइड स्प्रीट वा इ. एन. ए. उत्पादन गर्ने इजाजतपत्रवालाले प्रत्येक महिनाको चुलाईमा प्रति क्वीण्टल खुँदोबाट न्यूनतम ६५ ओ.पी. को कम्तीमा २० लिटर रेक्टिफाइड स्प्रीट वा १९ लिटर इ.एन.ए. उत्पादन गर्नुपर्ने गरी * **र एनहाइड्रस इथानोल उत्पादन गर्ने इजाजतपत्रवालाले प्रत्येक महिनाको चुलाईमा प्रति क्विण्टल खुदो (मोलासेस) बाट न्यूनतम ७२ ओ.पी. शक्तिको कम्तिमा १९ लिटर इथानोल उत्पादन गर्नुपर्ने गरी प्रतिलब्धी दर कायम गर्नु पर्नेछ** । सो भन्दा घटी प्रतिलब्धी दर कायम भएमा इजाजतपत्रवालाले त्यसको उचित तथा पर्याप्त कारण विभागमा पेश गरी स्वीकृति लिनु पर्नेछ । विभागबाट स्वीकृति प्राप्त नभएमा फरक परिमाणमा मदिरा तर्फको उच्चतम दरबन्दी अनुसार लाग्ने सम्पूर्ण राजश्व कार्यालयले इजाजतपत्रवालाबाट असुल उपर गर्नेछ

३५. **अनुसूचीमा हेरफेर तथा संशोधन:** श्री ५ को सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी आवश्यकता अनुसार अनुसूचीमा हेरफेर तथा संशोधन गर्न सक्नेछ ।

३६. **खारेजी र बचाउ:** (१) अन्त:शुल्क नियमहरु,२०१९ खारेज गरिएको छ ।

(२) अन्त:शुल्क नियमहरु, २०१९ अन्तर्गत भए गरेका सम्पूर्ण काम कारबाहीहरु यसै नियमावली बमोजिम भए गरेको मानिने छन् ।

---

* दोश्रो संशोधनद्वारा थप ।

**अनुसूची - १**
(नियम ३ संग सम्बन्धित)

**<u>इजाजतपत्रको लागि निवेदनको ढाँचा</u>**

श्री ..................................
................................

विषयः- उत्पादन/पैठारी/विक्री/संचय/सेवाको लागि इजाजतपत्र पाऊं ।

महोदय,

....................... उत्पादन/पैठारी/बिक्री/सञ्चय गर्न/ ........... सेवा प्रदान गर्नको लागि देहायका कागजात तथा विवरण र इजाजतपत्र दस्तुर बापत लाग्ने रु.............. ।- समेत संलग्न राखी इाजतजपत्र पाउनको लागि अन्तःशुल्क ऐन,२०५८, अन्तःशुल्क नियमावली,२०५९ तथा इजाजतपत्रमा तोकिएका शर्त वन्देजका अधीनमा रही कारोबार सञ्चालन गन मन्जुर गरेको व्यहोरा अनुरोध गर्दछु।संलग्न राखी निवेदन गरेको छु ।

१. व्यक्ति वा प्रतिष्ठानको नाम र ठेगाना :-
२. व्यक्ति वा प्रतिष्ठानको स्थायी लेखा नम्वरः-
३. प्रतिष्ठानको चार किल्ला :-
४. स्वामी हिस्सेदार र प्रवन्ध निर्देशकको पुरा नाम र ठेगाना :-
५. कारोबारको नाम :-
६. पूंजी :-
७. काम शुरु गर्ने मिति :-
८. उत्पादन क्षमता :-
९. अन्य :-

<u>निवेदक</u>

अनुसूची-२
(नियम ३ र ५ संग सम्बन्धित)
<u>इजाजतपत्र लिनु पर्ने वस्तु तथा इजाजतपत्र नविकरण दस्तुर</u>

१. <u>मदिरा, र इथानोल उत्पादन तर्फ</u> :-

| | | |
|---|---|---|
| “(क) | स्प्रिट उत्पादन गर्ने प्रतिष्ठानको लागि | रु. ८०,०००।- |
| (ख) | वियर उत्पादन गर्ने प्रतिष्ठानको लागि | रु. ८०,०००।- |
| (ग) | ईथानोल उत्पादन गर्ने प्रतिष्ठानको लागि | रु. ८०,०००।- |
| (घ) | वाईन/ब्राण्डी (फलफूलमा आधारित) मात्र बनाउने प्रतिष्ठानकोलागि | रु.४०,०००।- |
| (ङ) | अन्य मदिरा उत्पादनका लागि | रु. ८०,०००।-” |

(ख) प्रकरण २ को खण्ड (ग) पछि देहायको खण्ड थपिएकोछ :-
(घ) चुरोट निकासीकर्ता :-नेपाल अधिराज्य वहिर चुरोट निकासीकता रु. ३,५००।-
(ग) प्रकरण ३ को खण्ड (छ) को उपखण्ड (१) मा रहेका “रु. २,००,०००।-” भन्ने अंकको सट्टा “रु. १,५०,०००।-” भन्ने अंक राखिएको छ।

२. <u>मदिरा विक्री वितरण तर्फ</u> :-

(क) <u>होटल, रेष्टुरेण्ट तथा लजहरुको लागि</u>

| | |
|---|---|
| (१) पांचतारे होटल | रु.३०,०००।- |
| (२) चारतारे होटल | रु.२५,०००।- |
| (३) तीनतारे होटल | रु.१८,०००।- |
| (४) दुईतारे होटल | रु.१२,५००।- |
| (५) एकतारे होटल | रु. ७,०००।- |
| (६) स्वदेशी तथा विदेशी मदिरा बोतल खोली विक्री वितरण गर्ने पर्यटक स्तरको रेष्टुरेण्ट तथा रिसोर्ट | रु. ५,०००।- |
| (७) स्वदेशी मदिरा वोतल खोली विक्री वितरण गर्ने साधारण होटल, रेष्टुरेण्ट र बार तथा लज | रु. ३,०००।- |

(ख) <u>मदिरा विक्रेताको लागि</u> :

| | |
|---|---|
| (१) मदिरा वितरक | रु. २०,०००।- |
| (२) थोक विक्रेता | रु. १२,०००।- |
| (३) स्वदेशी तथा विदेशी मदिरा विक्री गर्ने खुद्रा विक्रेता | रु. ८,०००।- |
| (४) स्वदेशी मदिरामात्र विक्री गर्ने | |

खुद्रा विक्रेता रु ३,०००।-

(५) डिपार्टमेण्टल स्टोर रु. १०,०००।-

(ग) मदिरा निकासी तथा पैठारी कर्ताकोलागि :

(१) विदेशी मदिरा र स्प्रिट पैठारीकर्ता रु. २०,०००।-

(२) मदिरा निकासीकर्ता रु. ३,५००।-

३. पैठारी तथा अन्य वस्तु खरीद विक्री र उत्पादन तर्फ :

(क) विदेशी चुरोट, सिगार, सुर्ती तथा सुर्तीजन्य वस्तु पैठारी गर्नेको लागि रु. १०,०००।-

(ख) विदेशी खैनी, जर्दा, नश पानपराग तथा पानमसला पैठारी गर्नेको लागि रु.२५,०००।-

(ग) पानपराग, पान मसला, चुरोट, खैनी, जर्दा, नश, सुर्ती, तथा सुर्तीजन्य वस्तु थोक खरीद विक्री गर्नेको लागि रु.३,०००।-

(घ) चुरोट, खैनी, जर्दा, नश, पानपराग तथा पानमसला खुद्रा खरीद विक्री गर्नेकोलागि रु.५००।-

(ङ) विदेशी खुदो र गुँड पैठारी गर्नेकोलागि रु.८,०००।-

(च) खुदो, गुँड र स्प्रिट खरीद विक्री गर्नेकोलागि रु.३,५००।-

(छ) ईंटा उत्पादन गर्ने उद्योगकोलागि :

(१) तोकिएको वातावरणीय मापदण्ड भित्र रही आधुनिक प्रविधिको प्रयोगद्वारा ईंटा उत्पादन गर्ने उद्योग बाहेकका ईंटा उत्पादन गर्ने चिम्नी भट्टाहरुकोलागि प्रति चिम्नी भट्टा रु. २,००,०००।-

(यो दस्तुरबाट मध्य पश्चिमाञ्चल क्षेत्रलाई बीस प्रतिशत तथा सुदूर पश्चिमाञ्चल क्षेत्रलाई पच्चीस प्रतिशत कम दस्तुर लाग्नेछ)

(२) तोकिएको वातावरणीय मापदण्ड भित्र रही आधुनिक प्रविधिको प्रयोगद्वारा ईंटा उत्पादन गर्ने उद्योगकोलागि इजाजतपत्र दस्तुर लाग्ने छैन ।

(ज) पावर क्रसर प्रयोग गरी उत्पादन हुने सख्खर (गुण), कालो सख्खर, रसकट उत्पादन गर्ने देहाय बमोजिमका

उद्योगको लागि :

(१) भर्टिकल रोलर प्रयोग गर्ने
उद्योगको लागि (दश हर्स पावरसम्मको) रु. २०,०००।-

(२) होरिजेन्टल रोलर प्रयोग गर्ने
उद्योगको लागि
(दश हर्स पावर भन्दा वढीको) रु. ४०,०००।-

४. औद्योगिक उत्पादन तर्फ :
माथि प्रकरण १, २ र ३ मा उल्लेख भए बाहेकको हकमा प्रतिष्ठानको स्थिर पूँजीको आधारमा प्रत्येक एक लाख रुपैयाँ स्थिर पूँजी भएको प्रतिष्ठानलाई तीस रुपैयाँका दरले उत्पादन इजाजतपत्र दस्तुर लाग्नेछ । यस्तो इजाजतपत्र दस्तुर न्यूनतम तीन हजार रुपैयाँ भन्दा कम र अधिकतम पचार हजार रुपैयाँ भन्दा वढी हुनेछैन ।

प्रकरण १, २ र ३ मा उल्लेखित वस्तुहरु वाहेक अन्य वस्तुहरुको विक्री वितरणको लागि इजाजत पत्र लिनु पर्ने छैन ।

दृष्टव्य :

(१) यस्तो दस्तुर काठमाण्डौं उपत्यका वाहेक अन्य क्षेत्रमा पच्चीस प्रतिशतले र पहाडी र हिमाली क्षेत्रमा पचास प्रतिशतले कम लाग्नेछ ।

(२) एक एकाइले एकभन्दा वढी किसिमको मदिरा खरीद विक्री गर्ने भएमा सबभन्दा वढी दरको दस्तुर मात्र वुझाए पुग्नेछ ।

(३) ईट्टा उत्पादकले प्रकरण ३ को खण्ड (छ) को उपखण्ड (१) बमोजिम बुझाउनु पर्ने रकम मध्ये वीस प्रतिशत इजाजत पत्र लिंदा, वीस प्रतिशत पौष मसान्तसम्म र बांकी रकम माघ मसान्तसम्म बुझाउने गरी किस्ता कायम गरिएकोछ ।

तर मूल्य अभिवृद्धि करमा दर्ता भएका ईट्टा उत्पादकहरुले उक्त दस्तुरभन्दा वढी मूल्य अभिवृद्धि कर तिरको अवस्थामा असूल भएको मूल्य अभिवृद्धि कर मात्र आन्तरिक राजश्व कार्यालयमा दाखिला गरे हुनेछ ।

"अनुसूचि-३
(नियम ४ संग सम्बन्धित)
श्री ५ को सरकार
अर्थ मन्त्रालय
**आन्तरिक राजस्व विभाग**

**इजाजतपत्र पाउनेको फोटो टास्ने**

**अन्तःशुल्क इजाजतपत्र**

**संकेत नं.** ☐☐ **स्थायी लेखा नं.** ☐☐☐☐☐☐☐☐☐ **इजाजत नं.** ☐☐☐☐

**आन्तरिक राजस्व कार्यालय :**

अन्तःशुल्क ऐन, २०५८ को दफा ८ को उपदफा (२) र अन्तःशुल्क नियमावली, २०५९ को नियम ४ बमोजिम इजाजतपत्रका लागि पर्न आएको निवेदनका आधारमा अन्तःशुल्क लाग्ने वस्तु उत्पादन/खरिद/बिक्री/निकासी/ पैठारी/सञ्चय गर्न वा अन्तःशुल्क लाग्ने सेवा प्रदान गर्न देहायका शर्त पालना गर्ने गरी यो इजाजतपत्र दिइएकोछ । मदिराको कारोवार गर्नेले मदिरा ऐन, २०३१ तथा मदिरा नियमावली, २०३३ मा उल्लेखित शर्त समेत पालना गर्नु पर्नेछ ।

| | | |
|---|---|---|
| **इजाजतपत्र पाउने पतिष्ठानको नाम :** | | |
| **ठेगाना :** | | |
| **संन्चालकको नाम :** | | |
| **संन्चालकको स्थायी ठेगाना** | | |
| **कारोवारको विवरण** | | **स्वदेशी/विदेशी** |

**कारोवारको किसिम** — **उत्पादक/वितरक/थोक विक्रेता/खुद्रा विक्रेता**

**निकासी/पैठारी/रेष्टूरेण्ट/डिपार्टमेण्टल स्टोर/होटल**

**इजाजतपत्र पाउनेको**
दस्तखत : ____________

**इजाजतपत्र जारी गर्ने अधिकारीको**
दस्तखत : ____________
नाम : ____________
दर्जा : ____________

कृपया अन्य जानकारीको लागी पछाडी हेर्नु होला ।

## इजाजतपत्र वालाले पालना गर्नु पर्ने शर्तहरु

1= इजाजतपत्र प्रत्येक आर्थिक वर्षको श्रावण महिना भित्र नबिकरण गराईसक्नु पर्नेछ ।

2= इजाजतपत्र कारोवार स्थलमा सबैले देख्ने गरी राख्नु पर्नेछ ।

3= मदिराको विक्रि स्थलमा मदिराजन्य पदार्थको मात्र कारोवार गर्न पर्नेछ

4= डिपार्टमेण्टल स्टोरले मदिरा जन्य पदार्थ विक्रि गर्ने प्रयोजनको लागि अलग्गै विक्री कक्षको व्यवस्था गर्नु पर्नेछ ।

5= मदिराको उत्पादकले उत्पादनको प्रत्येक चरणमा फ्लो मिटर जडान गर्नु पर्नेछ र प्रत्येक वोतलमा अन्तःशुल्क स्टिकर विर्को र बोतलमा पर्ने गरी टासी निकासी गर्नु पर्नेछ ।

6= मदिरा उत्पादकले इजाजतपत्र प्राप्त वितरक वा डिलरलाई, वितरक वा डिलरले इजाजतपत्र प्राप्त थोक विक्रेतालाई र थोक विक्रेताले इजाजतपत्र प्राप्त खुद्रा विक्रेतालाई विक्री गर्न पर्नेछ ।

7= विहान १०:०० बजे देखि राती १०:०० बजेसम्ममात्र मदिरा बिक्री वितरण गर्नु पर्नेछ ।

8= अठार वर्ष उमेर पुरा नगरेको वा आठार वर्ष उमेर नपुगेको व्यक्तिलाई मदिरा विक्रि वितरण गर्न पाईने छैन ।

9= मदिरा खरिद बिक्री गर्नेले मदिरा खरिद विक्रि गरेको विजक राख्नु पर्नेछ ।

10= डिलर, डिष्ट्रिव्यूटर वा पसल, होटल वा रेष्टूरेण्टका धनिले प्रत्येक वोतलमा अन्तःशुल्क टिकट (स्टिकर) टाँसेको मदिरामात्र विक्रि गर्नु पर्नेछ । अन्तःशुल्क टिकट (स्टिकर) नरहेको सामान खरिद विक्रिको लागि राखेको पाईएमा त्यस्तो वस्तु जफत गरी विक्रेतालाई कानून बमोजिम दण्ड जरिवाना हुनेछ ।

11= अन्तःशुल्क ऐन, २०५८ तथा मदिरा ऐन, २०३१ र सो अन्तरगत बनेका नियम तथा निर्देशिकामा उल्लेखित प्रवधानहरुको पालना गर्नु पर्नेछ ।

## नवीकरण सम्बन्धी विवरण

| नवीकरण गरेको मिति | आर्थिक वर्ष | नवीकरण गर्ने अधिकृतको दस्तखत | कैफियत |
|---|---|---|---|
| | | | |
| | | | |
| | | | |
| | | | |
| | | | |
| | | | |
| | | | |
| | | | |
| | | | |
| | | | |

## अनुसूची- ४
(नियम १२ संग सम्बन्धित)

## उत्पादन तथा विक्री भएको दैनिक मौज्दातको हिसाब

| मिति | मालको विवरण | अघिल्लो दिनको वांकी मौज्दात | दिन भरीमा भएको उत्पादन | | विक्रीको | | | बांकी मौज्दात | | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | जम्मा मौज्दात | परिमाण | अन्तःशुल्क को दर | जम्मा अन्तःशुल्क | परिमाण | अन्तःशुल्क दर | जम्मा अन्तःशुल्क | |
| | | | | | | | | | | | |

## अनुसूची-५
(नियम १४ को खण्ड (क) संग सम्बन्धित)

## कोरा मालको मौज्दात विवरण

पृष्टाङ्क :-
इजाजतपत्रवालाको नाम र ठेगाना :-...............
इजाजतपत्र नं. ...............स्थायी लेखा नम्बरः.............................

| मिति | मालको विवरण | अघिल्लो बांकी परिमाण | आज आएको परिमाण | जम्मा | चुरोट/बिडी बनाउनलाई झिकिएको परिमाण | बांकी | अन्तःशुल्क अधिकृतको सही | कारखाना धनी प्रवन्धकको सही | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | |

## अनुसूची-६
(नियम १४(ख) संग सम्बन्धित)

## कोरा मालको खपत र चुरोट/बिडी उत्पादनको दैनिक विवरण

पृष्टाङ्क :-
इजाजतपत्रवालाको नाम र ठेगाना :-...............
इजाजतपत्र नं. ............... स्थायी लेखा नम्बरः.............................

| मिति | अघिल्लो बांकी सुर्ती | आज लिएको सुर्ती | जम्मा | आजको उत्पादनमा खर्च भएको | नोक्सानी भएको | बांकी रहन गएको सुर्ती | चुरोट/बिडी उत्पादनको परिमाण | अन्तःशुल्क अधिकृतको सही | इजाजतपत्र-वालाको वा प्रवन्धकको सही | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | | |

## अनुसूची- ७
(नियम १४ को खण्ड (ङ) संग सम्बन्धित)

## दैनिक प्याकिङ्ग रुमको विवरण

इजाजतपत्रवालाको नाम र ठेगाना :.........................................
इजाजतपत्र नं. ...............स्थायी लेखा नम्बरः.............................

| मिति | अघिल्लो बांकी बट्टा र पैकेज | आज प्राप्त हुन आएको | जम्मा | गोदाम घरमा गएको पैकेज क्रम संख्या र परिमाण | | बाँकी | अन्तःशुल्क अधिकृतको सही | इजाजतपत्रवाला को वा प्रवन्धकको सही | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | पैकेज सिरियल नम्बर | परिमाण | | | | |
| | | | | | | | | | |

## अनुसूची- ८
(नियम १४ को खण्ड (ङ) संग सम्बन्धित)

## गोदाममा रहेको चुरोटको दैनिक विवरण

पृष्टाङ्क :-
इजाजतपत्रवालाको नाम र ठेगाना :-...............
इजाजतपत्र नं. ..............स्थायी लेखा नम्बरः............................

| मिति | मालको विवरण | अघिल्लो बांकी मौज्दात | प्याकिङ्ग रुपबाट गोदाम घरमा आएको | | जम्मा | निकासी भएको पैकेजको चिन्ह र संख्या | बांकी | अन्तःशुल्क दर | | अन्तःशुल्क अधिकृतको सहीछाप | इजाजतपत्र वाला वा प्रवन्धकको सही | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | पैकिंग रुम संख्या | चुरोटको संख्या | | | | दर | जम्मा | | | |
| | | | | | | | | | | | | |

## अनुसूची-९
(नियम १४ को खण्ड (घ) संग सम्बन्धित)

## चुरोट निकासीको माग फाराम

इजाजतपत्रवालाको नाम र ठेगाना :-...............
इजाजतपत्र नं. ..............

मिति..................... स्थायी लेखा नम्बरः............................

| क्रम संख्या | गोदाम घरको नं. र मिति | चुरोटको नाम पेकेजको क्रम संख्या | परिमाण बट्टा वा ग्रुस | मूल्य | अन्तःशुल्क | | कैफियत |
|---|---|---|---|---|---|---|---|
| | | | | | दर ने.रु. | जम्मा अन्तःशुल्क ने.रु | |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | | | | | | |

(अंक शव्द)

प्रतिनिधी वा प्रवन्धकको सही :

१. पेकेजको जम्मा संख्या :......................

२. मालको परिमाण : ..........................

३. अन्तःशुल्कको दर :............................

अन्तःशुल्क अधिकृतको सही :

# अनुसूची- १०
## (नियम २२ को उपनियम (१) संग सम्बन्धित)

## डिष्टिलरी/ब्रुअरीवालाले दिनुपर्ने रक्सी/वीयर/वाइनको फांटवारी

अंक

मिति ............................. देखि .......................................... जम्मा

इजाजतपत्रवालाको नाम र ठेगाना :.................

इजाजतपत्र नं. ........................ साल .................................... महिना ............. शाखा ......... स्थायी लेखा नम्बरः..............

| रक्सी/वीयर/वाइनको अघिल्लो बांकी स्टक | | | | तैयार भएको रक्सी | | | | जम्मा एल.पि. ग्यालन कलम ४,८ | बोतलहरुमा भर्न गएको रक्सी/वीयर/वाइनको परिमाण | | | | स्टकमा बांकी रहेको रक्सी/वीयर/वाइनको | | | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| रक्सी/वीयर/वाइनको नाम | थोक ग्यालन | शक्ति | एल.पि. ग्यालन | रक्सी/वीयर/वाइनको नाम | थोक ग्यालन | शक्ति | एल.पि. ग्यालन | | रक्सी/वीयर/वाइनको नाम | थोक ग्यालन | शक्ति | एल.पि. ग्यालन | रक्सी/वीयर/वाइनको नाम | थोक ग्यालन | शक्ति | एल.पि. ग्यालन | |
| | | | | | | | | | | | | | | | | | |

# अनुसूची- ११
## (नियम २२ को उपनियम (१) संग सम्बन्धित)

## डिष्टिलरी/ब्रुअरीवालाले दिनुपर्ने रक्सी/वीयर/वाइन बोलतहरुको बिक्री र त्यसबाट आउने अन्तःशुल्कको फांटवारी

ं क

इजाजतपत्रवालाको नाम र ठेगाना :..................
इजाजतपत्र नं. .........................   साल .....................................   महिना .............  शाखा .......... स्थायी लेखा नम्बरः.............................

| वियर/रक्सीको बोतलको शुरु स्टक | | | | तैयार गरिएको बोतलहरु | | | | जम्मा बोतल | | | | विक्री भएको बोतल | | | | अन्तःशुल्क | | स्टकमा बांकी बोतलहरु | | | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| रक्सी/वियर | बोतलको संख्या | परिमाण | शक्ति | रक्सी/वियर | बोतलको संख्या | परिमाण | शक्ति | रक्सी/वियर/वाइन | बोतलको संख्या | परिमाण | शक्ति | रक्सी/वियर | बोतलको संख्या | परिमाण | शक्ति | दर | जम्मा | रक्सी/वियर/वाइन | बोतलको संख्या | परिमाण | शक्ति | |
| | | | | | | | | | | | | | | | | | | | | | | |

## अनुसूची- १२
(नियम २५ संग सम्बन्धित)

## <u>सखर खुँदोको दैनिक हिसाब</u>

इजाजतपत्रवालाको नाम र ठेगाना ..............................................................
मौसम ......................... महिना ...................... इजाजतपत्र नं.......................... स्थायी लेखा नम्बरः.............................

| मिति | अघिल्लो बांकी स्टक | | प्राप्त भएको | | | | जम्मा हिसाब | | | | | पघलेको | | बांकी | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | कारखानाबाट खरीद भएको | | बाहिरबाट खरीद भएको | | जम्मा | | | | | पघलेको गुड | जम्मा | | | |
| | बोरा वा चक्की | वजन | बोरा वा चक्की | वजन | बोरा वा चक्की | वजन | बोरा वा चक्की | वजन | सेर | बोरा | वजन | बोरा वजन | | बोरा वा चक्की | वजन | |
| | | | | | | | | | | | | | | | | |